# जनकपुर उप महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम,धनुषा
## प्रदेश नं.२,नेपाल
## बोलपत्र आह्वान को सूचना
## दोश्रो पटक प्रकाशित मितिः-२०७५/०६/०४

यस कार्यालय बाट यस ज.उ.म.न.पा. क्षेत्रभित्र ठेक्का मार्फत नगर सभा बाट स्वीकृत दरबन्दी बमोजिम विज्ञापन कर लगाउन शिलबन्दी बोलपत्र आह्वान गरिएकोले ईच्छुक विज्ञापन एजेन्सी बाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१.) मुल्य अभिवृद्धि करमा दर्ता भई कर चुक्ता भएको विज्ञापन एजेन्सीले मात्र वोलपत्र लिन पाउने छ ।

२.) यो सूचना दोश्रो पटक प्रकासित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालय बाट रू.१०००।००तिरी मिति २०७५।६।१८ गते दिनको ५:०० बजे सम्म बोलपत्र खरीद गर्न सकिने छ ।

३.)ज.उ.म.न.पा. अन्तर्गत लाग्ने बिज्ञापन कर ज.उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले अशुल उपर गर्न पाउने छ

४.) ठेक्का कबुल अंकको नेपाली विज्ञापन एजेन्सीले ५% रकम यस कार्यालयको रा.वा.बैं.जनकपुरमा रहेको यस उ.म.न.पा.को धरौटि खाता नं.१२२०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ संलग्न राखि पेश गर्नु पर्ने छ ।

५.) ठेक्का स्वीकृत भएपछि कबुल रकम तीन किस्तामा बुझाउनु पर्नेछ जस मध्ये पहिलो किस्ता वापत को रकम सम्झौता हुनु पुर्व तथा अन्य किस्ता वापतको बैंक ग्यारेण्टी बुझाए मात्र संझौता गरिने छ ।

६.) नेपाल सरकार लाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्ने छ ।

७.) ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन,करारनामामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ ।

८.) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने संम्पुर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहने छ ।

९.) बोलपत्र भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रूपमा भरी राम्ररी खामबन्दी गरी शिल लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि विज्ञापन करको शिल टेण्डर मिति २०७५/६/१९ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ ।

१०.) ठेकदार तथा न.पा.बिच कुनैकिसिमको मतभिन्नता भएमा न.पा.को निर्णय अन्तिम हुने छ ।

११.) टेण्डर फारम मिति २०७५/६।१९ गते दिनको ०२:०० बजे सम्बन्धित प्रतिनिधिहरूको रोहबरमा खोलिने छ, उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोलिने कार्य रोकिने छैन

१२.) यसमा नपरेका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३.) ठेक्का अवधी आ.ब.२०७५।०७६ आषाढ मसान्त सम्म कायम रहनेछ ।

१४.) उल्लेखित मितिहरूमा बिदा परेको खण्डमा सोको भोली पल्ट उक्त कार्य सम्पादन गरिने छ ॥

१५.) आ.व.२०७५/०७६ को लागी न्युनतम रकम रू.३०००००/-(तिस लाख मात्र) कायम गरिएको छ ।

१६.) नगर क्षेत्रभित्र रहेको विद्युत पोल,सोलार पोल,टेलिकम को पोलहरूमा हुने विज्ञापन सामग्रीहरू लाइ यस ठेक्कामा समावेश गरीएको छैन ।

उप-सचिव